# कनकासुन्दरी गाउँपालिका
## विराट सिंजा,जुम्ला

# स्थानीय राजपत्र

खण्ड: ८ संख्या: २ मिति:२०८१/०३/१०

## भाग-२
## कनकासुन्दरी गाउँपालिका जुम्ला
### करारमा शिक्षक नियुक्ति सम्बन्धी कार्यबिधी, २०८०

सामुदायिक विद्यालयको स्वीकृत दरबन्दि, राहत तथा अनुदान दरबनन्दीमा करार शिक्षक नियुक्ति सम्बन्धी ब्यबस्थालाइ ब्यबस्थित र मर्यादित बनाउन आवश्यक भएकाले कनकासुन्दरी गाउँपालिका शिक्षा निएमा वली २०७५ को दफा ३७ ले दिइएको अधिकार प्रयोग गरी गाउँपालिकाले यो कार्यबिधी जारी गरेको छ ।

**परिच्छेद १ - प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यबिधिको नाम कनकासुन्दरी गाउँपालिका करारमा शिक्षक नियुक्ति सम्बन्धि कार्यबिधि, २०८० रहेको छ ।

(२) यो कार्यबिधी तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा पंसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा

क) "गाउँपालिका" भन्नाले कनकासुन्दरी गाउँपालिककालाइ सम्झनुपर्छ ।

ख) "नियमावली" भन्नाले कनकासुन्दरी गाउँपालिका शिक्षा निएमावली २०७५, सम्झिनुपर्छ ।

ग) "प्रमुख "भन्नाले कनकासुन्दरी गाउँपालिका प्रमुखलाई सम्झिनुपर्छ ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कनकासुन्दरी गाउँपालिकाका, प्रमुख प्रशासकीय अधिकृतलाई सम्झिनुपर्छ ।

ङ) "शिक्षा शाखा " भन्नाले कनकासुन्दरी गाउँपालिका शिक्षा यूवा तथा खेलकुद शाखालाई सम्झिनुपर्छ ।

च) "गाउँ शिक्षा अधिकारी" भन्नाले शिक्षा शाखाको प्रमुखको जिम्मेवारी सम्हाल्न तोकिएको कर्मचारीलाई सम्झिनुपर्छ ।

छ) "विद्यालय ब्यवस्थापन समिति " दफा १२ बमोजिम गठन भएको समिति सम्झिनुपर्छ ।

ज) "शिक्षक" भन्नाले शिक्षक दरबन्दी राहत अनुदान कोटा र स्वयंम सेवक पदमा कार्यरत शिक्षकलाई सम्झिनुपर्छ ।

झ) "विशेषज्ञ" माध्यमिक तथा निम्न माध्यक तहको हकमा विषय विशेषज्ञ र प्राथमिक तहको हकमा गाउँपालिकामा सुचिकृत भएका विशेषज्ञ सम्झिनुपर्छ ।

## परिच्छेद २ - पदपुर्ति र छनोट प्रकृया

**३.**पदपुर्तिः (१) सामुदायिक विद्यालयमा शिक्षक पद रिक्त भएमा विद्यालयले रिक्त भएको तह श्रेणी र विषय खोलि ७ दिन भित्र जानकारी दिनुपर्नेछ ।

(२) उपदफा १ बमोजिम रिक्त पदमा विद्यालयले विद्यालय ब्यबस्थापन समितिको निर्णय सहित पन्ध्र दिन भित्र गाउँपालिकामा पदपुर्तीको अनुमति माग गर्नु पर्ने छ ।

(३) पदपुर्ती माग भएकोमा शिक्षा शाखाले तह श्रेणी र विषय खोली अनुमति दिने छ ।

(४) पदपुर्ति अनुमति प्राप्त भएपछि विद्यालयले स्थानीय एफएम रेडियो दैनिक पत्रिका लगाएत सार्बजनिक संस्थामा सुचना टाँस गरी १५ दिनको विज्ञापनको सुचनाल प्रकाशन गर्नुपर्नेछ ।

(५) विज्ञापनको म्याद समाप्त भएपछी निएमावलीको दफा २१ बमोजिम छनोट समितिले शिक्षक छनोट गरी करार शिक्षक नियुक्ति गर्न विद्यालय ब्यबस्थापन समितिलाई सिफारिस गर्नेछ ।

**३.** छनोट प्रक्रियाः(१) करारमा शिक्षक छनोट गर्दा शिक्षक सेवा आयोगले सम्बन्धित तह र विषयका लागि निर्धारण गरेको पाठ्यक्रमअनुसार परीक्षा संचालन गर्नुपर्नेछ ।

(२) लिखित परीक्षा र अन्तरबार्ता समेतबाट उच्चतम अंक प्राप्त गर्ने उम्मेदवारलाई छनोट समितिले सफल उम्मेदवारको रुपमा नियुक्तिका लागि विद्यालय ब्यबस्थापन समिति समक्ष सिफारिस गर्नेछ ।

(३) शिक्षक छनोट गर्दा शिक्षक सेवा आयोगबाट तोके बमोजिमको संख्यामा बैकल्पिक उमेदवार छनोट गर्नु पर्नेछ।

(४) निएमावली दफा २१ बमोजिम छनोट समितिमा विशेषज्ञ विशेषज्ञ छनोट गर्दा गाउँपालिकामा सुचिकृत विषयविज्ञ मध्यबाट परीक्षा संचालन हुने दिन विहान छनोट समितिका अध्यक्ष सदस्य सचिवको रोहबरमा गोला प्रथा द्वारा छनोट गर्नुपर्नेछ ।

(५) छनोट समितिमा वडा अध्यक्ष वा निजले तोकेको वडा समितिको सदस्य पर्यवेक्षकका रुपमा रहन सक्नेछन् ।

## परिच्छेद ३ - विशेषज्ञसम्बन्धि ब्यबस्था

**५.**विशेषज्ञ सुचीकरण प्रक्रियाः (१) निएमावली दफा कार्यगर्न विशेषज्ञ हुन चाहने स्थायी शिक्षकले गाउँपालिका सुचना प्रकाशन गरेको अबधिभित्र निवेदन दिनुपर्ने छ ।

**(२)** उपदफा (१) बमोजिम सुचना प्रकाशित गर्दा निवेदनसाथ संलग्न हुनुपर्ने कागजातहरु र वेदन दस्तुर समेत त्योकिनेछ ।

(३) शिक्षा शाखाले उपदफा १ र २ बमोजिम निवेदन दिएका शिक्षकहरुको निवेदन छानविन गरी सप्राथमिक निम्न माध्यमिक र माध्यमिक तहका लागि छुटा छुटै विशेषज्ञ सुची प्रकाशन गर्न पर्नेछ ।

(४) उपदफा (२) बमोजिम सुचि प्रकाशन गर्दा निम्न माध्यमिक र माध्यमिक तहका लागि विशेषज्ञ हुने विषय समेत खुलाई प्रकाशन गर्नुपर्नेछ ।